टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : ०८१/०८२
च. नं. :

फोन नं.: ०९१-५६०३८०, ०९१-५६०११८
वेबसाइट : www.tikapurmun.gov.np
ईमेल : tikapurmun@gmail.com


# आन्तरिक आयको ठेक्का सूचना

## प्रथम पटक प्रकाशित मिति : २०८२।०२।०७

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले ठेक्का सम्झौता भएको मितिले प्रत्येक २/२ वर्ष पछी शुरु ठेक्का रकम बमोजिम कायम भएको वार्षिक ठेक्का रकममा दश प्रतिशतका दरले स्वतः वृद्धि हुँदै जाने गरी तपसिल बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा बोलपत्र आह्वान सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ । यस बोलपत्र प्रक्रियामा सहभागी हुन इच्छुक फर्म/ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०८२।०३।०५ गते) को कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम खरिद गरी सक्नु हुन र ३१ औं दिन (मिति २०८२।०३।०६ गते) दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गरी सक्नु हुन अनुरोध छ ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्यूनतम ठेक्का रकम प्रति वर्ष (मू.अ.कर बाहेक) रु. | बोलपत्र जमानत | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| TMO/NCB/IR/62/2081/082 | घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्वन्धी ठेक्का, टीकापुर नगरपालिका वडा नं.१, बल्क नं.१९, कैलाली | २,४०,०००।- (दुई लाख चालिस हजार मात्र) | ७ वर्षको जम्मा कवोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत | १,०००।- | ७ (सात) वर्ष |

यस सम्वन्धी विस्तृत सूचना यस कार्यालयको वेभसाइट www.tikapurmun.gov.np मा हेर्न हुन र थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९१-५६०३८०, ०९१-५६०११८

वेबसाइट : www.tikapurmun.gov.np

ईमेल : tikapurmun@gmail.com


# बोलपत्र पुस्तिका

(आन्तरिक श्रोत उठाउने ठेक्का व्यवस्थापन सम्बन्धी)

आर्थिक वर्ष: २०८१/०८२

**ठेक्काको नाम : घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का,**

टीकापुर नगरपालिका, वडा नं.१, बल्क नं.१९, कैलाली ।

**ठेक्का नं : TMO/NCB/IR/62/2081/082**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२।०२।०७ गते**

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.: ०९१-५६०३८०, ०९१-५६०११८
वेबसाइट : www.tikapurmun.gov.np
ईमेल : tikapurmun@gmail.com

पत्र संख्या : ०८१/०८२
च. नं. :

# घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्काको बोलपत्र आह्वान सम्बन्धी विस्तृत सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२।०२।०७ गते)

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तपसिल बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का सम्झौता भएको मितिले प्रत्येक २/२ वर्ष पछी शुरु ठेक्का रकम बमोजिम कायम भएको वार्षिक ठेक्का रकममा दश प्रतिशतका दरले स्वतः वृद्धि हुँदै जाने गरी बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक फर्म/ संस्थाले दर्ता/ नवीकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.कार्यालयमा कर विवरण पेश गरेको प्रमाण, ठेक्का प्रक्रियामा भाग लिन कानूनी रुपमा योग्य रहेको स्वघोषणापत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| ठेक्का सूचना नं. | आन्तरिक आय ठेक्काको नाम | ठेगाना | न्यूनतम ठेक्का रकम प्रति वर्ष (मू.अ.कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|
| TMO/IR/62/2081/082 | घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का | टीकापुर न.पा., वडा नं.१, बल्क नं.१९, कैलाली | २,४०,०००।- (दुई लाख चालिस हजार मात्र) | १,०००।- | सम्झौता भएको मिति देखि ७ वर्षसम्म | ७ वर्षको जम्मा कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत |

१. <u>ठेक्काका सर्तहरु :</u>

क) बोलपत्र प्रक्रियामा भाग लिन इच्छुक फर्म वा संस्थाले बोलपत्र फाराम दस्तुर बापतको रु.१,०००।- (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजस्व शाखामा नगदै बुझाई वा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.१०७०३००००१००१००००००१ मा नगद जम्मा गरेको भौचर साथ लिखित निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिन (मिति २०८२।०३।०५ गते) को कार्यालय समयसम्म यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गरी ३१औं दिन (मिति २०८२।०३।०६ गते) दिनको १२ बजेसम्ममा यस कार्यालयमा बोलपत्र प्रस्ताव दर्ता गराई सक्नु पर्नेछ । उक्त बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २ बजेदेखि बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

ख) बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन बोलपत्र दाखिला गर्न र खोल्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ग) बोलपत्र फाराम खरिद गर्दा फर्म/ संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, फर्म/ संस्थाको नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.कार्यालयमा कर विवरण पेश गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायका साथै स्थानीय तहमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै टीकापुर नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनु पर्नेछ । बाँकीबक्यौता रहेको फर्म वा संस्थाले यस ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन ।

घ) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

ङ) बोलपत्रदाताले कबोल गरेको वार्षिक ठेक्का रकममा प्रत्येक २/२ वर्ष पछी पहिलो वर्षको ठेक्का रकमको दश प्रतिशतका दरले थप भई वार्षिक ठेक्का रकम स्वत वृद्धि हुँदै जाने भएकोले सोही बमोजिम तेस्रो, पाँचौँ र सातौँ वर्षबाट थप वृद्धि हुने ठेक्का रकम सहित ७ (सात) वर्षको हुने जम्मा ठेक्का रकम (मू.अ.कर सहित) को ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३०००००३०००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारी गरेको ९० (नब्बे) दिन म्याद भएको बिडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।

च) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्म/ संस्थाको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटर/ कार्य समितिका पदाधिकारीहरुको नाम, ठेगाना, फोन नं., मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्म/ संस्थाको छाप लगाई तोकिएको म्याद भित्र दर्ता गर्नु पर्नेछ । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

छ) प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २०औं दिन (मिति २०८२।०२।२६ गते) दिनको १:०० बजे टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

ज) म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

झ) ठेक्का सम्झौता भएको मितिले प्रत्येक २/२ वर्ष पछी शुरु ठेक्का रकम बमोजिम कायम भएको वार्षिक ठेक्का रकममा दश प्रतिशतका दरले स्वतः वृद्धि हुँदै जानेछ ।

ञ) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र वा मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई प्रथम किस्ता बापत कबोल अंकको आधारमा पहिलो वर्षको हुन आउने रकम तथा सोको १३प्रतिशत मू.अ.करको रकम समेत अनिवार्य बुझाउनु पर्नेछ । शुरु कबोल अंकको आधारमा ७ वर्षको हुने जम्मा ठेक्का कबोल अंक (मू.अ.कर सहित) बाट पहिलो किस्ता बापत जम्मा गरेको रकम घटाई बाँकी हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०८३ साल भाद्र मसान्तसम्मको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । नेपाल सरकारलाई ठेक्का सम्बन्धी बुझाउनु पर्ने अग्रिम आयकर एवं अन्य सम्पूर्ण कर दस्तुर बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

ट) ठेकेदार पक्षले यस कार्यालयलाई बुझाउनु पर्ने ठेक्का रकममा कुनै किसिमको छुट वा मिनाहा माग गर्न पाउने छैन ।

ठ) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ ।

ड) ठेक्का अवधि सम्झौता भएको मितिदेखि ७ (सात) वर्ष सम्मको हुनेछ ।

ढ) ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ :

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको आधारमा पहिलो वर्षको हुन आउने जम्मा रकम तथा सो को मू.अ.कर समेत |
| दोश्रो | २०८३ साल बैशाख मसान्तभित्र | कबोल अंकको आधारमा दोश्रो वर्षको हुन आउने जम्मा रकम तथा सो को मू.अ.कर समेत |
| तेश्रो | २०८४ साल बैशाख मसान्तभित्र | दोश्रो वर्षको ठेक्का रकममा शुरु कबोल अंकको दश प्रतिशत थप सहित तेश्रो वर्षको हुन आउने जम्मा रकम तथा सो को मू.अ.कर समेत |
| चौथो | २०८५ साल बैशाख मसान्तभित्र | दोश्रो वर्षको ठेक्का रकममा शुरु कबोल अंकको दश प्रतिशत थप सहित चौथो वर्षको हुन आउने जम्मा रकम तथा सो को मू.अ.कर समेत |
| पाँचौं | २०८६ साल बैशाख मसान्तभित्र | चौथो वर्षको ठेक्का रकममा शुरु कबोल अंकको दश प्रतिशत थप सहित पाँचौं वर्षको हुन आउने जम्मा रकम तथा सो को मू.अ.कर समेत |
| छैठौं | २०८७ साल बैशाख मसान्तभित्र | चौथो वर्षको ठेक्का रकममा शुरु कबोल अंकको दश प्रतिशत थप सहित छैठौं वर्षको हुन आउने जम्मा रकम तथा सो को मू.अ.कर समेत |
| सातौं | २०८८ साल बैशाख मसान्तभित्र | छैठौं वर्षको ठेक्का रकममा शुरु कबोल अंकको दश प्रतिशत थप सहित सातौं वर्षको हुन आउने जम्मा रकम तथा सो को मू.अ.कर समेत |

ण) तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना सहित असूल उपर गरिनेछ ।

त) ठेकेदार पक्षले ठेक्काको किस्ता रकम बुझाउदाँ उक्त किस्ताको रकम घटाई बाँकी हुन आउने रकम बराबरको कार्य सम्पादन जमानत पत्र (परफरमेन्स वण्ड) समेत पेश गर्नु पर्नेछ । किस्ता रकम, बाँकी किस्ता बापतको रकमको सुरक्षणका लागि पेश गर्नुपर्ने परफरमेन्स वण्डको रकम र सो को न्यूनतम मान्य अवधि सम्वन्धी विवरण ठेक्का सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

थ) घण्टाघर परिसर भित्र रेष्टुरेन्ट सञ्चालन गर्दा अनिवार्य रुपमा विभिन्न परिकारहरुको मूल्यसूची स्पष्ट देखिने गरी राख्नु पर्नेछ । घण्टाघरमा चढ्न इच्छुक व्यक्तिबाट प्रवेश शुल्क वापत उठाउन पाउने शुल्कको दररेट टीकापुर नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम वा टीकापुर नगरपालिकाले तोके बमोजिम हुनेछ । उक्त दररेट स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

द) ठेकेदार पक्षले घण्टाघर परिसर भित्र सञ्चालन हुने रेष्टुरेन्टमा विभिन्न समुदायका संस्कृति र सांस्कृतिक पहिचान झल्कने स्थानीय परिकारहरुलाई प्राथमिकतामा राखेर विक्रि वितरण गर्नु पर्नेछ । रेष्टुरेन्ट सञ्चालन हुने रात्रिकालिन समयका सम्बन्धमा स्थानीय प्रशासन वा प्रहरी कार्यालयबाट कुनै निर्देशन/ सूचना जारी भएमा सोहि बमोजिम हुनेछ ।

ध) घण्टाघर परिसर भित्र हार्डवेयर (छड र सिमेन्टको), सिसा सम्बन्धी मालसामानको व्यवसाय सञ्चालन गर्न साथै प्रज्वलनशिल पदार्थको र प्रचलित कानुनद्वारा निषेधित मालसामानहरुको सञ्चय तथा विक्री वितरण गर्न पाईने छैन । प्रचलित ऐन कानुनले निषेध गरिएका सरसामग्री राखेमा र सम्झौता विपरित कार्य गरेमा त्यसको क्षतिपूर्ति वा कानुनी दायित्व ठेकेदार पक्षले व्यहोर्नु पर्नेछ ।

न) घण्टाघर परिसर भित्र टीकापुर नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ र सोको नियमावली, २०७७ को प्रतिकुल हुने गरी पसल/ व्यवसाय सञ्चालन गर्न पाईने छैन ।

प) घण्टाघर परिसर भित्र रहेका भवन लगायत अन्य संरचनाहरुको टुटफुट भएमा मर्मत सम्भार गर्ने जिम्मेवारी सम्वन्धित ठेकेदार पक्षको हुनेछ । साथै बिजुली बत्ति तथा खानेपानी प्रयोग गरे वापतको महसुल सम्वन्धित ठेकेदारले नै भुक्तानी गर्नु पर्नेछ ।

फ) ठेक्का अवधि भरका लागि घण्टाघरमा ठेकेदारको तर्फबाट खटिने कामदार वा कर्मचारी, आगन्तुक तथा निर्मित संरचनाको संभावित दुर्घटनाबाट सुरक्षा प्रदान गर्न आवश्यक सुरक्षा उपाय वा साधनको व्यवस्था गर्ने र बीमा गर्ने जिम्मेवारी ठेक्का प्राप्त गर्ने फर्म वा संस्थाको हुनेछ ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

ब) ठेकेदार पक्षले नेपाल सरकार वा प्रदेश सरकार मातहतका कार्यालय तथा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशनको अनिवार्य रुपमा पालना गर्नु पर्नेछ । साथै यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा यस टीकापुर नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

भ) यसमा उल्लेख भएको विषय यसै बमोजिम र उल्लेख नभएको यस ठेक्का सम्बन्धी अन्य कुरा ठेक्का सम्झौता पत्र, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

## २. <u>बोलपत्रदाताको योग्यता</u> :

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक आय सम्बन्धी ठेक्काको बोलपत्रदाता फर्म/ संस्थाको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको, स्थायी लेखा नम्बर वा मू.अ.करमा दर्ता भएको, कर चुक्ता गरेको,
(ख) टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल बक्यौता नभएको,
(ग) कालो सूचीमा नपरेको,
(घ) प्रचलित कानुन बमोजिम बोलपत्र पेश गर्न अयोग्य नरहेको,

## ३. बोलपत्र पेश गर्ने तरिका :

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिम बोलपत्र पेश गर्नु पर्नेछ ।

(क) यस ठेक्का सम्बन्धी सूचनामा तोकिए बमोजिमको बोलपत्र दस्तुर बुझाई यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र पुस्तिका खरिद गर्न सकिनेछ । बोलपत्र पुस्तिका राम्रो सँग अध्ययन गरी सम्बन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ ।

(ख) यस ठेक्का सम्बन्धी सूचनामा उल्लेख भए बमोजिमको धरौटी रकम नगद वा सो बराबरको बैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि बोलपत्र साथ संलग्न राखि बोलपत्र पुस्तिका भरी अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरी सम्बन्धित ठेक्काको नाम र ठेक्का नम्बर समेत उल्लेख गरी बोलपत्र निर्धारित म्याद भित्र टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई सम्बोधन गरी पेश गर्नु पर्नेछ ।

## ४. <u>बोलपत्र खोल्ने प्रकृया</u> :

नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु खोल्ने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) बोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम हुनेछ।

(ख) दर्ता भएका बोलपत्रहरु सूचनामा उल्लेख भए बमोजिम विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

## ५. <u>बोलपत्रको मूल्याङ्कन</u>:

बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(क) बोलपत्र मूल्याङ्कन टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ र टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ ले व्यवस्था गरे बमोजिम गरिनेछ ।

(ख) योग्यता तथा पूर्णता परीक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका बनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ ।

(ग) योग्यता तथा पूर्णता परीक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाइने छ ।

## ६. बोलपत्रको स्वीकृति :

बोलपत्रको स्वीकृति देहाय बमोजिम गरिनेछ ।

(क) पेश भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

(ख) बोलपत्र मूल्याङ्कन समितिबाट योग्यता तथा पूर्णता परीक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

(ग) ठेक्का स्वीकृत भएको सात दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा बैंक जमानत लिई सम्झौता गर्न सम्बन्धित बोलपत्रदातालाई टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सूचित गरिनेछ ।

## ७. बोलपत्रको जमानत वा धरौटी जफत :

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का स्वीकृत भएको सूचना प्राप्त भएपछि बोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए बमोजिमको आवश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा उपस्थित हुनु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गरी त्यसपछिको दोस्रो बढी अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रक्रिया यस कार्यालयले अगाडी बढाउने छ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो क्रमको बोलपत्रदाताबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## ८. सम्झौता र कार्यदेश :

यस ठेक्का सम्बन्धी सम्झौता र कार्यदेश देहाय बमोजिम हुनेछ ।

(क) ठेक्का सम्झौता भए पश्चात ठेक्का सञ्चालन गर्न आवश्यक विवरण उल्लेख गरी ठेक्का सञ्चालनका लागि ठेकेदारलाई यस कार्यालयले कायदिश दिनेछ ।

(ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित सर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु/ गराउनु पर्नेछ ।

(ग) कार्यालय र ठेकेदार विच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए/ नगरेमा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ ।

## ९. ठेकेदारले पालना गर्नु पर्ने नियमहरु र आचरण :

(क) ठेकेदारले यस कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानित व्यवहार गर्नु पर्नेछ ।

(ख) ठेक्का संग सम्बन्धित पत्राचार तथा अन्य कारवाही शिष्ट, सम्मानित एवम् मर्यादित भाषामा गर्नु पर्नेछ ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(ग) सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तथा शान्ति सदभाव कायम गर्ने दायित्व बहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

## १०. आकस्मिक अवरोध व्यवस्थापन :

कुनै कारणवस विशेष अवस्था सिर्जना भई काबु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का सञ्चालनमा अवरोध भएमा ठेकेदारले त्यसको सूचना तुरुन्त यस कार्यालयमा दिनु पर्नेछ। यस कार्यालय र ठेकेदार दुवैलाई मार्का नपर्ने गरी दुवै पक्षको प्रयासबाट त्यस्तो अवरोधको व्यवस्थापन गर्नु पर्नेछ।

## ११. विवाद व्यवस्थापन :

कार्यालय र ठेकेदार बिच विवाद उत्पन्न भएमा टीकापुर नगरपालिकाको बैठकको निर्णयबाट विवादको व्यवस्थापन गरिनेछ।

## १२. कार्य सम्पन्न :

यस कार्यालयको सहयोगमा ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरी कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ। ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरी कार्य सम्पन्न भएमा कार्यालयबाट नियमानुसार कार्य सम्पन्न प्रमाणपत्र ठेकेदारलाई प्रदान गरिनेछ।

## १३.घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी शुल्क दर :

(क) ठेकेदार पक्षले टीकापुर न.पा., वडा नं.१, बल्क नं.१९ स्थित घण्टाघरमा चढ्न इच्छुक व्यक्तिबाट मात्र उठाउन पाउने घण्टाघर प्रवेश शुल्क बापतको प्रति व्यक्ति दर निम्नानुसार हुनेछ :

१. बयस्क व्यक्तिको रु.२०।- (अक्षेरुपि बिस मात्र)
२. विद्यार्थीको रु.१०।- (अक्षेरुपि दश मात्र)
३. पाँच वर्ष भन्दा कम उमेरको बालबालिकाको हकमा निःशुल्क।
४. अपाङ्गता परिचय पत्र भएका व्यक्तिहरुको हकमा निःशुल्क

(ख) घण्टाघर परिसर भित्र सञ्चालन हुने रेष्टुरेन्टमा बिक्रीका लागि राखिने परिकार वा सामग्रीको दररेट प्रचलित कानुन विपरित नहुने गरी सञ्चालकले तोके बमोजिम हुनुका साथै घण्टाघर परिसर भित्र उपलब्ध हुने अन्य सेवा वा सञ्चालन गरिने व्यवसायको सम्बन्धमा कुनै दर रेट निर्धारण गर्न आवश्यक देखिएमा टीकापुर नगरपालिकाको निर्णयबाट वा टीकापुर नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(ग) टीकापुर नगरपालिकाको निर्णयबाट वा टीकापुर नगरपालिकाको आर्थिक ऐनमा दर रेट तोकिएको अवस्थामा उक्त दररेटमा फरक नपर्ने गरी ठेकेदार पक्षले शुल्क उठाउन पाउनेछ। साथै सो दररेटमा नेपाल सरकार वा टीकापुर नगरपालिकाबाट कुनै निर्णय भएमा वा प्रचलित ऐन कानुनमा कुनै संशोधन भएमा सोहि बमोजिम कायम हुनेछ।

## १४. बोलपत्र फाराम :

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

मिति......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
टीकापुर, कैलाली ।

## बिषय: बोलपत्र प्रस्ताव पेश सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८२।०२।०७ गते प्रकाशित सूचना र बोलपत्र सम्बन्धी कागजातको सर्त अनुसार सम्झौता भएको मिति देखि ७ (सात) वर्षसम्म चलन गर्ने गरी टीकापुर न.पा., वडा नं.१, बल्क नं.१९ स्थित घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्काको लागि तपसिल बमोजिमको रकम कबोल गरेको छु ।

तपसिल :

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम प्रति वर्ष (मू.अ.कर बाहेक) रु. | कबोल अंक प्रति वर्षको (मू.अ.कर बाहेक) रु. | |
|---|---|---|---|---|
| | | | अंकमा रु. | अक्षरमा रु. |
| TMO/NCB/IR/62/2081/082 | घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का, टीकापुर नगरपालिका, वडा नं.१, बल्क नं.१९, कैलाली | २,४०,०००।- (दुई लाख चालिस हजार मात्र) | | |

नोट : ठेक्का सम्झौता भएको मितिले प्रत्येक २/२ वर्ष पछी माथि उल्लेखित कबोल अंकका आधारमा कायम हुने पहिलो वर्षको ठेक्का रकमको दश प्रतिशतका दरले वार्षिक ठेक्का रकम स्वतः वृद्धि हुँदै जानेछ ।

*ठेक्काका सर्तहरु अध्ययन गरी उल्लेखित सर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम कबोल गरी बोलपत्र पेश गरेको छु । साथै आफु कुनैपनि ठेक्कापट्टा सम्बन्धी कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित ठेक्कापट्टा कारबाहीमा आफ्नो कुनै स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको घोषणा गर्दछु भनी हस्ताक्षर गर्ने ..................*

बोलपत्रदाताको विवरण :

आधिकारिक व्यक्तिको नाम :

फर्म वा संस्थाको नाम:-

प्रोप्राइटरको नाम :-

इमेल ठेगाना:-

मिति:-

आधिकारिक दस्तखत:-

रजिष्टर्ड नं.:-

ठेगाना:-

सम्पर्क नं.:-

फर्मको छाप:-

प्रमुख प्रशासकीय अधिकृत

संलग्न गर्नुपर्ने कागजातहरु :

१. फर्म/ संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. नवीकरण भएको देखिने गरी फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायबाट प्राप्त व्यवसाय इजाजतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३. फर्म/ संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. फर्मको हकमा स्थानीय तहमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

५. बोलपत्र फाराम खरिद गरेको रसिद, धरौटीको बैंक भौचरको सक्कल प्रति वा बैंक जमानत (बिड बण्ड) को सक्कल प्रति,

६. आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.कार्यालयमा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि,

७. कानूनी रुपमा योग्य रहेको स्वघोषणापत्र र अख्तियारिनामा ।

नोट : अन्य कुनै थप कुरा वा विवरण भए पेश गर्न सकिनेछ ।